का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ मंसिर २०७९,
बुधबार
14 December 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २०, अंक २९८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# 'ब्रह्मास्त्र' बोकेरै बिदा भए चोलेन्द्र

लोकतन्त्रमा महाअभियोगलाई ब्रह्मास्त्रको रुपमा लिइन्छ । मुलुकलाई संकटबाट बचाउन सांसदहरुले प्रयोग गर्ने विशेषाधिकार नै महाअभियोग हो । यही अभियोग बोकेरै प्रधानन्यायाधीश जबराले "ब्रह्मास्त्र" अवकाश लिएका छन् ।



६५ वर्षे उमेरहदका कारण उहाँ (जबरा)ले मंगलबारबाट अनिवार्य अवकाश पाउनु भएको छ ।

**देवेन्द्र ढकाल**
**सूचना अधिकारी, सर्वोच्च अदालत**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ मंसिर

प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरा निलम्बनकै अवस्थामा बिदा भएका छन् । १ फागुन २०७८ मा ९८ जना सांसदले लगाएको महाअभियोगलाई प्रतिनिधिसभाले टुंगो लगाउन सकेन । प्रतिनिधिसभाको कार्यकाल सकिएको भन्दै महाअभियोग निष्प्रभावी भएको चोलेन्द्रको दाबीलाई संसद सचिवालयका महासचिव भरतराज गौत्तमले सदर गरिदिएका थिए । तर, प्रतिनिधिसभाले टुंगो लगाउनुपर्ने महाअभियोग टुंगो नलगाएको भनी निष्प्रभावी भएको भनी संसदका महासचिवले दिएको पत्रले कानुनी वैधता पाउन सकेन । सर्वोच्च अदालतले संसदको महासचिवको महाअभियोग निष्प्रभावी भएको पत्रलाई कार्यान्वयन गर्नमा रोक लगाएपछि अवकाश पाउनु अघि महाअभियोगको अस्त्र हटाउने जबराको प्रयास बिफल भयो । परिणाममा उनी ब्रह्मास्त्र बोकेरै बिदा हुन बाध्य भए । लोकतन्त्रमा महाअभियोगलाई ब्रमास्त्रको रुपमा लिइन्छ । मुलुकलाई संकटबाट बचाउन सांसदहरुले प्रयोग गर्ने विशेषाधिकार नै महाअभियोग हो । यही अभियोग बोकेरै प्रधानन्यायाधीश जबराले मंगलबार अवकाश लिएका हुन् । एक वर्षयता विवाद र महाअभियोगको सामना गरेका जबरा ६५ वर्षे उमेरहदका कारण मंगलबारबाट सेवानिवृत्त भएका हुन् ।

'६५ वर्षे उमेरहदका कारण उहाँ (जबरा) मंगलबारबाट अनिवार्य अवकाश पाउनु भएको छ,' सर्वोच्च अदालतका सूचना अधिकारी देवेन्द्र ढकालले जानकारी दिए । २८ मंसिर २०१४ मा जन्मिएका जबरा ६५ वर्षे उमेरहदका कारण सेवाबाट अनिवार्य अवकाश पाएका हुन् । उनले १८ पुस २०७५ मा पद तथा गोपनीयताको शपथ लिएर प्रधानन्यायाधीशको कार्यभार सम्हालेका थिए ।

गत १ फागुनमा जबराविरुद्ध संघीय संसद् सचिवालयमा महाअभियोग प्रस्ताव दर्ता भएको थियो । विधिको शासन, सवैधानिक सर्वोच्चता एवं स्वतन्त्र, सक्षम, निष्पक्ष र जिम्मेवार न्यायपालिकाको जगेर्ना गर्न नसकेको,

– बाँकी पृष्ठ २ मा

## काभ्रेमा बस दुर्घटना

# ठूलो मानवीय क्षति

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २७ मंसिर

काभ्रेको बेथानचोक गाउँपालिका-४, चलाल गणेशस्थानमा बस दुर्घटना हुँदा मृत्यु हुनेको संख्या १८ पुगेको छ । २१ घाइते छन् । प्रहरीका अनुसार काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिका-४ चलाल गणेस्थानमा साँझ ६ बजे बस दुर्घटनामा परेको हो । बा ३ ख ४३८५ बस दुर्घटनामा परेको हो ।

गाउँपालिकाका अध्यक्ष भगवान् अधिकारीका अनुसार बसमा ३९ सवार थिए । मृतकमध्ये १३ जनाको दुर्घटनास्थल तथा अन्य पाँचको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको हो ।

बनेपा नगरपालिका-११ बाट ब्रतबन्धका लागि बेथानचोक गाउँपालिका-५ स्थित च्याल्टी पुगेर फर्किँदै गरेको रिजर्भ बस दुर्घटना भएको अधिकारीले जानकारी दिए । उनका अनुसार घाइते सबैलाई उपचारार्थ बनेपास्थित शिर मेमोरियल र धुलिखेल अस्पताल पुऱ्याइएको छ ।

अस्पताल दुर्घटनास्थलमा नेपाल प्रहरी र नेपाली सेनाको टोलीले डोजर प्रयोग गरी उद्धार कार्य गरिएको थियो । अझै मृतकको पहिचान हुन सकेको छैन । गम्भीर प्रकृतिको घाइते भएकाले तत्काल रेफरको तयारी भइरहेको जनाइएको छ । प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै अध्यक्ष अधिकारीले बस तीव्र



दुर्घटनामा परेको बस ।

गतिमा रहेको बताए । बस मोडको भित्तामा ठोक्किएपछि सडकबाट केही तल खसेर दुर्घटना ग्रस्त भएको थियो ।

यसैबीच, गृहमन्त्री बालकृष्ण खाणले काभ्रेपलाञ्चोकको बेथानचोकमा चलालगणेशस्थानमा भएको दुर्घटनाका घाइतेलाई तत्काल उद्धार गरी उपचारका लागि अस्पतालसम्म पुऱ्याउने व्यवस्था गर्न गृह प्रशासन, काभ्रेका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे र जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक चक्रराज जोशीलाई निर्देशन दिए ।

गृहमन्त्री खाणले गृहसचिव विनोदप्रकाश सिंहलाई उपचारका दुर्घटनाका घाइतेको उपचारका लागि जिल्लाको स्रोत र साधनले नपुग्ने भए मन्त्रालयबाट तत्काल व्यवस्था गर्न निर्देशन दिनुभएको हो । प्रजिअ पाण्डेलाई थप स्रोतसाधन आवश्यक पर्ने भने मन्त्रालयमा लेखी पठाउन निर्देशनसमेत दिइएको छ ।

## फागुनमा स्ववियु चुनाव

# कतिको विश्वस्त छन् विद्यार्थी नेता ?

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २७ मंसिर

विगत १४ वर्षदेखि नभएको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को चुनाव हुने चर्चा चलेपनि विद्यार्थी नेताहरु यो पटक पनि चुनाव हुन गाह्रा देखिएको बताउन थालेका छन् । त्रिविले चुनाव गराउने तयारी थालेका सूचना बाहिरिन थालेपनि विद्यार्थी नेताहरु भने चुनाव हुने सम्भावना न्यून रहेको बताउन थालेका हुन् । विगत १४ वर्षदेखि मिति तोक्ने तर अन्तिममा विभिन्न बहानामा चुनाव रोकिँदै आएपछि यो वर्षको फागुनमा चुनाव हुन नसक्ने विद्यार्थी नेताको माग छ ।

हामीले विगतबाटै स्ववियु चुनाव तोकिएकै मितिमा गराउनुपर्छ भन्ने माग त राख्दै आएका छौं, तर अहिलेसम्म विभिन्न बहानामा चुनाव रोकिदैं आएको भएर अन्यौलग्रस्त अवस्था छ, अनेरास्वावियुका अध्यक्ष सुनिता बरालले भनिन् । उनी त्रिविको वार्षिक क्यालेण्डरमा तोकिएबमोजिम नै समयमा चुनाव हुनुपर्ने बताउँछिन् ।

– बाँकी पृष्ठ २ मा

# शीतल निवासतिर नजर !

*रेशम चौधरीसहित मधेश आन्दोलन, विप्लव आन्दोलन र माओवादी सशस्त्र युद्धसँग सम्बन्धित मुद्दाहरु समेत फिर्ता गर्ने प्रयास सरकारको छ । त्यसका लागि आएको अध्यादेश लागू हुन्छ कि हुँदैन भन्ने विषयमा आम नागरिकको नजर राष्ट्रपति भवन शीतल निवासतिर छ ।*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ मंसिर

जाँदा जाँदैको सरकारले अध्यादेश ल्याएको विषयले मुलुक तरंगित छ। यो तरंग यसकारण बलशाली छ - फौजदारी कार्यविधि संहिता २०७४ संशोधन गरेर रेशम चौधरीसहित मधेश आन्दोलन, विप्लव आन्दोलन र माओवादी सशस्त्र युद्धसँग सम्बन्धित मुद्दाहरु समेत फिर्ता गर्ने प्रयास सरकारको छ । त्यसका लागि आएको अध्यादेश लागू हुन्छ कि हुँदैन भन्ने विषयमा आम नागरिकको नजर राष्ट्रपति भवन शीतल निवासतिर छ ।

सरकारले ल्याएको अध्यादेशमा नेपाल सरकार वादी भई दायर भएका मुद्दा फिर्ता लिने गरी सहमति भएका सम्झौताका आधारमा मुद्दा फिर्ता लिने भनिएको छ। मुद्दा फिर्ता सम्झौता अनुसार राजनीतिक दल वा समूहका नेता तथा



कार्यकर्ता विरुद्धका नेपाल सरकार वादी भइ चलाइएका मुद्दा जुनसुकै तहको अदालतमा बिचाराधीन रहेको भए पनि फिर्ता लिन बाधा नपर्ने अध्यादेशमा उल्लेख छ ।

जानकारहरुका अनुसार यो अध्यादेश राष्ट्रपतिबाट जारी भएमा वप्लव समूह, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीका नेता-कार्यकर्ताक र टीकापुर घटनामा दोषी ठहर भई जन्मकैदको सजाय काटिरहेका रेशम चौधरी मात्र होइन, जिल्ला वा माथिल्लो अदालतबाट ठहर भइसकेका माओवादी नेता कार्यकर्ताका मुद्दा समेत फिर्ता लिन बाटो खुल्नेछ ।

अध्यादेशमा मुलुकको विद्यमान राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलापमा संलग्न रहेको कुनै पनि राजनीतिक

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## श्रम सचिवद्वारा आईएलओ बैठकमा महत्वपूर्ण भेटघाट

# कोरियाले ४० हजार नेपाली लैजाने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ मंसिर

दक्षिण कोरियाले आगामी वर्ष ४० हजार नेपाली रोजगारीमा लैजाने बताएको छ । डिसेम्बर ९ तारिखमा सिंगापुरमा सम्पन्न अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को एशिया प्यासिफिक क्षेत्रीय बैठकमा नेपालको तर्फबाट भाग लिएका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एक नारायण अर्याल र दक्षिण कोरियाका डेपुटी मिनिस्टर फर इम्प्लोइमेन्ट पार्क जान्कयुपीलबीचको छलफलमा कोरियाले उक्त जानकारी दिएको हो ।

यस वर्ष उक्त मुलुकले नेपालबाट उत्पादनमूलक क्षेत्रमा ६ हजार ९ सय १३ र कृषि तथा पशुपालन क्षेत्रमा २ हजार ७ सय ४१ जना गरी ९ हजार ६ सय ५४ जना कामदार लैजाने कोटा निर्धारण गरेको छ ।

छलफलमा नेपालबाट नियमितरुपमा ईपीएस प्रणालीबाट पठाइएका कामदारलाई सामाजिक सुरक्षा प्रणालीमा समेट्ने, ईपीएस श्रम सम्झौता नवीकरण गर्ने, नेपालीमा बन्दै गरेको ह्युमन रिसोर्स सेन्टर भवनको उद्घाटन, कोरिया जाने मौसमी कामदारलगायतका विषय उठेको मन्त्रालयका प्रवक्ता डुण्डुराज घिमिरेले बताएका छन् ।

त्यसैगरी सचिव अर्यालले साउदी अरेबियाका श्रम नीति सम्बन्धित उप-श्रम मन्त्रीसँग नेपाली कामदारका समस्याका विषयमा छलफल गरेका छन् । मन्त्रालयले साउदी रोजगारदाताहरूले नेपाली कामदार समस्यामा पारेको विषय र श्रम सम्झौताका विषयमा साउदी समकक्षीसँग छलफल भएको बताएको छ ।

त्यसैगरी सचिव अर्यालले यूएईको दुरसञ्चार तथा अन्तर्राष्ट्रिय सम्बन्ध विभागका सहायक उपसचिव अल अवाधी श्यामसँग पनि छलफल गरेका छन् ।

– बाँकी पृष्ठ २ मा

## झापामा वैदेशिक रोजगारबारे सार्वजनिक सुनुवाइ

**झापा/रासस–** 'रोजगारीको सिलसिलामा करिब अढाई वर्ष कुवेत बसें, मैले त्यहाँ त्यस्तो समस्या भोग्नु परेन, तर धेरै जना दिदीबहिनीले धेरै कष्ट भोगिरहेको देखें, पाएँ,' यो अनुभव हो, वैदेशिक रोजगारीको सिलसिलामा कुवेत पुगेर फर्किएकी कुमारी चेम्जोङको ।

राष्ट्रिय महिला आयोगले भद्रपुरमा आयोजना गरेको वैदेशिक रोजगारीमा संलग्न महिलाको सुरक्षित, मर्यादित र सेवाको सुनिश्चितताका विषयमा सरोकारावालासँग सार्वजनिक सुनुवाइमा उनले आफ्नो कुवेत बसाइँको अनुभव सुनाइन् । उनले घरेलु कामदारका रुपमा अवैध बाटोबाट कुवेत पुग्ने महिलाले धेरै मानसिक र शारीरिक पीडा सहन बाध्य रहेको बताइन् ।

'सीप नभए पनि घरेलु कामदारका रूपमा विदेश गएर महिलाले घरपरिवार चलाएका

– बाँकी पृष्ठ २ मा




सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२८ मंसिर २०७९, बुधबार
14 December 2022, Wednesday

**ब्रह्मास्त्र ...**
न्यायपालिकाभित्र विकृति, विसङ्गति, भ्रष्टाचार तथा बिचौलियाहरूले प्रवेश पाएको र रोक्न नसकेको, पदीय मर्यादा र आचरणविपरीत कार्य गरेको लगायत २१ वटा आरोपसहित जबराविरुद्ध महाअभियोग प्रस्ताव दर्ता भएको छ ।

जुन प्रस्तावको प्रतिनिधिसभामा विचाराधीन छ । नयाँ संसदले उक्त प्रस्ताव स्वीकार्ने वा नस्वीकार्ने भन्नेमा दलहरुबीच मतभेद कायमै रहेका बेला जबराले अनिवार्य अवकाश पाएका हुन् ।

महाअभियोग प्रस्ताव दर्ता हुनुअघि जबराविरुद्ध सर्वोच्च अदालत परिसरमा नेपाल बार एसोसिएसनले आन्दोलन गरेको थियो । जबराको राजीनामा माग्दै नेपाल बार एसोसिएसन, सर्वोच्च अदालत बारले मात्र होइन सहकर्मी न्यायाधीशहरु समेतले आन्दोलन गरेका थिए । लामो समय न्यायाधीश र अधिवक्ताहरुको आन्दोलन चलिरहेका बेला जबराविरुद्ध संसदमा महाअभियोग प्रस्ताव दर्ता भएको थियो । प्रतिनिधिसभाअन्तर्गतको महाअभियोग सिफारिस समितिले जबरालाई महाअभियोग लगाउनुपर्ने कारणसहित प्रतिवेदन बुझाएको थियो। तर, उक्त प्रतिनिधिसभाको कार्यकाल समाप्त भयो र नयाँ प्रतिनिधिसधा गठन भएको छैन ।

**फागुनमा...**
त्रिविले शैक्षिक क्यालेण्डरमा नै हरेक दुई वर्षमा फागुन १४ गते स्ववियु निर्वाचनको कार्यतालिका राखेर निर्वाचन गराउँदै आएको थियो । तर, विसं २०६५ सम्म नियमित हुँदै आएको निर्वाचन १४ वर्ष पुगिसक्दा समेत हुन सकेको छैन ।

'स्ववियु निर्वाचन नहुँदा विद्यार्थीको आन्तरिक लोकतन्त्रको अभ्यास गर्न पाएका छैनन, मेरो विद्यार्थी सङ्गठनका पदाधिकारीसँग छलफल भएको छ, निर्वाचन गर्न सबै सङ्गठन तयार रहेका छन्, यो वर्षमा स्ववियु निर्वाचन गर्न सम्भव हुन्छ' अखिल क्रान्तिकारीका अध्यक्ष पञ्चा सिंहले भनिन् । उनले सबै निर्वाचनको लागि तयार भएको अवस्थामा समयमा चुनाव सम्पन्न गर्नुको विकल्प नरहेको बताएकीछिन् । उनीमात्रै होईन, अनेरास्ववियूकी महासचिव आरती लामा पनि सम्बन्धित निकायहरु लागेर चुनाव समयमै सम्पन्न हुनुपर्ने जोड दिन्छिन् । त्रिविले स्ववियु निर्वाचनका लागि २८ वर्षे उमेरहद र सभापति, सचिव तथा कोषाध्यक्ष प्रत्यक्ष निर्वाचन तथा उपसभापति र सहसचिव समानुपातिक एवं ५० प्रतिशत सदस्य समानुपातिकबाट चयन हुने व्यवस्था गरेको छ ।

**शीतल..**
दल वा समूहले शान्तिपूर्ण राजनीतिमा आउने प्रतिबद्धता जनाएको छ । यसको सिधा अर्थ माओवादी द्न्द्का मुद्दाहरुसमेत समेट्ने भन्ने रहेको कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीहर नै बताउँछन् ।

ती अधिकारी भन्छन्, 'विप्लव समूह, सीके राउत नेतृत्वको जनमत पार्टी र रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीका नेता कार्यकर्ताको मुद्दा त फिर्ता लिन बाटो खुल्छ ।' कानुन मन्त्रालयका अनुसार तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकार र विप्लव समूहबीच २१ फागुन २०७७ मा तीनबुँदे सहमति भएको थियो । त्यसको तीन दिनपछि सीके राउत समूहसँग अर्को सम्झौता भयो । थारु कल्याणकारिणी सभासँग १८ जेठ २०७८ मा रेशम चौधरी लगायतको मुद्दा फिर्ताका लागि संविधान र कानुनसम्मत पहल गर्ने उल्लेख थियो ।

१० वर्ष सशस्त्र विद्रोह गरेर शान्ति प्रक्रियामा आएको माओवादीका नेता कार्यकर्ताका मुद्दाहरु पनि नियमित अदालतमा विचाराधीन छ । माओवादी र तत्कालीन सरकारबीच ५ मंसिर २०६३ मा बृहत् शान्ति सम्झौता भएको थियो, जसको बुँदा नम्बर ५.२.५ मा गम्भीर मानवअधिकार उल्लंघन तथा मानवताविरुद्धको अपराधमा संलग्नहरुबारे सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण बनाउन उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने उल्लेख छ । 'दुवै पक्ष विभिन्न व्यक्तिहरुलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र विचाराधीन रहेका मुद्दा मामिला फिर्ता लिन र थुनामा राखिएको बन्दीहरुको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन्' सम्झौताको ५.२.७ मा लेखिएको छ । विस्तृत शान्ति सम्झौता अनुसार तीन वटा आयोग बन्यो, तर संक्रमणकालीन न्यायको मुद्दा टुंगिएको छैन । बरु यो अवधिमा माओवादी नेता कार्यकर्ताविरुद्ध नियमित अदालतमा मुद्दा चलिरहेको छ । पछिल्लो पटक सरकारले ल्याएको सत्य निरुपण तथा वेपत्ता व्यक्तिको छानबिनसम्बन्धी विधेयकमा यस्ता मुद्दा द्वन्द्वकालीन मुद्दा हेर्न गठन गरिने विशेष अदालतमा पठाउने प्रस्ताव थियो । तर संसदमा त्यो विधेयक अघि बढाउन सकेन ।

पछिल्लो समय स्वमं प्रचण्ड नै संक्रमणकालीन न्यायको मुद्दा टुंग्याउने गरी कानुन निर्माणमा लचक भएका थिए । तर, निवर्तमान प्रतिनिधिसभाले विधेयक पास गर्न सकेको थिएन । यही बेला सरकारले फौजदारी कार्यविधि संहिता संशोधन गरेर रेशम चौधरीसहित मधेश आन्दोलन, विप्लव आन्दोलन र माओवादी सशस्त्र युद्धसँग सम्बन्धित मुद्दाहरु समेत फिर्ता गर्ने प्रयास गरेको हो । तर, राष्ट्रपतिले अध्यादेश जारी गरेकी छैनन् । यसकारण पनि आम चासो र नजर राष्ट्रपति भवन शीतल निवासतिर परेको हो ।

**श्रम ...**
यूएईसँगको श्रम सम्झौता नवीकरण तथा घरेलु कामदारको विषयमा छलफल भएको र जवाफमा यूएईले आफ्नो मुलुकले काफला प्रणाली खारेज भएकोले कुनै पनि विदेशी कामदार ठगिनुपर्ने अवस्था नरहेकोले घरेलु कामदार पठाउन आग्रह गरेका छन् ।

बैठकमा मन्त्रालयका सचिव अर्यालको नेतृत्वमा सहसचिव घिमिरे, उपसचिव विष्णु लामिछाने, रोजगारदाताको तर्फबाट रामचन्द्र संघाई, हंशराज पाण्डे, ट्रेड युनियनको तर्फबाट ट्रेड युनियन समन्वय केन्द्रका अध्यक्ष प्रेमलकुमार खनाल, ट्रेड युनियन महासंघका अध्यक्ष विनोद श्रेष्ठ, नेपाल ट्रेड युनियन कांग्रेसका वरिष्ठ उपाध्यक्ष महेन्द्र प्रसाद यादव, अखिल नेपाल ट्रेड युनियन महासंघका अध्यक्ष जगत सिंखडा, पेशागत महासंघका उपाध्यक्ष गम्भीरलाल श्रेष्ठ लगायतको सहभागिता रहेको थियो ।

नेपाली प्रतिनिधिमण्डलले अन्तरष्ट्रिय श्रम संगठनका निर्देशक गिल्बर्ट एफ होउन्बो र एशिया प्रशान्त क्षेत्रीय कार्यालयका असादमियाकावा, सिंगापुरका म्यानपावर मन्त्री डा. तानसि लेङ लगायतसँग पनि भेटघाट भएको मन्त्रालयले जनाएको छ ।

**झापामा...**
छन्,' उनले भनिन्, 'घरेलु कामदारलाई वैधता दिएर सुरक्षित बनाउन सरकारसँग आग्रह गर्छु ।'

वैदेशिक रोजगारीकै सिलसिलामा साइप्रस पुगेर गत वैशाखमा फर्किएकी भद्रपुर-६ की सपना रायले आफू म्यानपावर कम्पनीबाट ठगिए पनि न्याय नपाएको बताइन् । 'श्रम मन्त्रालय जाँदा आश्वासनमात्र पाएँ, पटक-पटक आउनु भन्छन्, पटक-पटक जाने अवस्था छैन,' उनले भनिन्, 'पैसा माग्दा म्यानपावरको मान्छेले गाली गर्छ ।'

किताबमा मात्र नियम-कानुन भएको तर व्यवहारमा नभएको भन्दै उनले पीडितले न्याय पाउन साह्रै कठिन भएको अनुभव सुनाइन् । 'नियमनकारी निकायमा जाँदा कर्मचारीले मलाई सोधेर गएको थिइस् भन्छन्,' उनले भनिन्, 'कोही पनि रहरले विदेश जाँदैन, सबैको आ-आफ्नो बाध्यता र विवशता हुन्छ ।'

कार्यक्रममा झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले ठूलो आँट र साहस बोकेर विदेश जानुपर्ने बाध्यता रहेको बताए । राज्य सबै नागरिकको अभिभावक भएको र राज्यको अंगमा बस्नेहरूले सोहीअनुरुप व्यवहार गर्नुपर्नेमा उनले जोड दिए ।

प्रदेश तहबाटै वैदेशिक रोजगारीका सबै काम हुनसके वैदेशिक रोजगारीको ठगीलगायतका विविध समस्या कम गर्न सक्ने उनको सुझाव छ । वैदेशिक रोजगारीमा जानेहरूले म्यानपावरलाई पैसा बुझाउँदा कम्तीमा दशपटक सोच्नुपर्ने बताउँदै उनले भने, 'व्यक्ति नै आफ्नो पहिलो मुक्तिदाता हो ।' कार्यक्रममा श्रम तथा रोजगार कार्यालय विराटनगरका शाखा अधिकृत पुण्यप्रसाद पौडेलले वैदेशिक रोजगारीसम्बन्धी प्रदेश नं १ को अवस्थाको कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रमा प्रदेश नं १ बाट वैदेशिक रोजगारीमा महिलाको अवस्था समस्याग्रस्त रहेको उल्लेख छ । कार्यपत्रमा ९९ प्रतिशत अदक्ष कामदार विदेशमा जाने गरेको उल्लेख छ । कुवेत, बहराइन, साइप्रस, ओमनमा बढी घरेलु महिला कामदार जाने गरेको पौडेलले बताए । 'सम्झौताविपरीतको काम गर्नुपर्ने, दलालबाट बेचिने, यौन हिंसाको सिकार हुनुपरेको छ,' उनले भने, 'ठगीसम्बन्धी समस्या सम्बोधन गर्न सकिएको छैन ।'

वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु भएकाहरूले पाउने राहत रकम पाउन धेरै समस्या रहेको उनले बताए । खुला सीमानाका भएकाले झापाबाट भारतीय बाटो हुँदै धेरै महिला वैदेशिक रोजगारीमा जाने र महिला बेचबिखन क्रम नरोकिएको कार्यपत्रमा उल्लेख छ ।

कार्यक्रममा झापा बारकी कार्यसमिति सदस्य अधिवक्ता तारा बाराकोटीले वैदेशिक रोजगारीबाट पीडितहरूले कसरी न्याय पाइन्छ भन्ने जानकारी नै नभएको सुनाइन् । 'विदेशमै कामकै सिलसिलामै मृत्यु भएकाहरू परिवारले हदम्यादबारे जानकारी नहुँदा क्षतिपूर्ति पाउन नसकेका छैनन्,' उनले भनिन्, 'शव ल्याउन धेरै कठिन छ, क्षतिपूर्तिवापत प्राप्त रकममा पनि कमिसन माग्ने गरेको पाइएको छ ।'

कार्यक्रममा माइती नेपालकी प्रतिनिधि पार्वता राजवंशीले पैसा कमाउन विदेश गएकी एक महिला गर्भवती भएर फर्किएको जानकारी दिइन् । 'अहिले नानीको जन्मदर्ता बनाउन के गर्नुपर्छ भनेर सोध्नुहुन्छ, उनले भनिन, सुरुदेखि नै मसँग नियमित सम्पर्कमा आइरहनुभएकाले सोधिरहनुहुन्छ, यस्तो समस्याको के व्यवस्था छ ?' अशिक्षितमात्र नभई शिक्षित महिला पनि जान्दा-जान्दै बुझ्दा-बुझ्दै ठगिने गरेको उनले बताइन ।

ऐन, कानुन र नियम हुँदाहुँदै पनि कार्यान्वयन पक्ष कमजोर हुँदा वैदेशिक रोजगारसम्बन्धी समस्या ज्यूँकात्यूँ रहेको कार्यक्रममा सहभागी अधिकांशको ठहर छ । भद्रपुर नगरपालिका टीकाराम पाण्डे, पत्रकार राजबाबु शंकर, ज्ञानेन्द्र निरौलालगायतका सहभागीले कानुन कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा झापाका १० वटा म्यानपावर व्यवसायीका शाखालाई सहभागिताका लागि पत्र पठाए पनि एक जनाको पनि सहभागिता थिएन भने यहाँका राजनीतिक दलका प्रतिनिधि र जनप्रतिनिधिको पनि उपस्थिति थिएन ।

कार्यक्रमको अध्यक्षता गरिरहेकी राष्ट्रिय महिला आयोगका सदस्य कृष्णकुमारी पौडेलले वैदेशिक रोजगारमा महिलाको सहभागितालाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले समस्या र सुझाव संकलन गर्न कार्यक्रम आयोजना गरिए पनि सरोकारवालाको उपस्थिति नहुनु दुःखद् भएको बताइन् ।

'बूढाबूढीलाई भत्ता दिने र युवालाई विदेश पठाउने नीतिमा राजनीतिक दल तल्लीन छन्, उनले भनिन्, 'म्यानपावर व्यवसायी सहभागी नहुनुले उनीहरूको नियत प्रष्ट हुन्छ ।' आयोग सदस्य पौडेलले जिल्लामा रहेको म्यानपावरको अनुगमन गरेर व्याप्त विकृत हटाउन प्रमुख जिल्ला अधिकारीलाई आग्रह गरिन् ।

## लालीगुराँस नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, तेह्रथुम
१ नं. प्रदेश नेपाल

### सूचना प्रकाशन मिति सच्याइएको सम्बन्धी सूचना

मिति २०७९/०८/२७ गते मंगलबार मध्यान्ह पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सूचनाको प्रकाशित मिति 13th December 2022 हुनुपर्नेमा 29th December 2022 भएकोले ऊक्त मिति सच्याइएको छ ।

**मलेसियामा रोजगार** | कम्पनी : CLASS A SECURITY SDN BHD
शहर : Malaysia
पूर्व स्वीकृत मिति: २०७९/०८/२७ चलानी नं.: ६०१९३२६१ LT. No.: 276954

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 43 | 0 | स. काममा दक्ष | 1500 | ४४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष ६ गते (21 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Nepal Placement Agency Pvt. Ltd.**
Shuberna Shamsher Marga- 4, Baluwatar, Kathmandu, Nepal
Tel: 01- 4432999 01-4431239, 9851315903
Email: info@npajobs.com, Web.: www.npajobs.com
श्रम इजाजत नं.: ३९०/०५९/०६०

**UAE मा वैदेशिक रोजगारको अवसर** | कम्पनी: IMDAAD L.L.C
शहर: UAE
पूर्व स्वीकृत मिति: २०७८/०७/१५ चलानी नं.: ६०१६६७१२ LT. No.: 249649 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Janitor | 149 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ८३,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/Janitress | 0 | 39 | | 1200 | ८३,०८८ | | | | | | | |
| 3. | Ordinary Labourer | 109 | 0 | | 1200 | ८३,०८८ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष ६ गते (21 December 2022) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHR सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.
Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१४१११२६, ०१४५६२६५१, र ९८०२०७०४२२

## SHIVASATAKSHI MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
PROVINCE NO.1, JHAPA

### Notice For Ammendement

2nd date of Publication : 2079/08/26(12-Dec-2022)
Date of Ammendement : 2079/08/28 (14-Dec-2022)
Last Date of Bid Submission: 2079/09/12(27-Dec-2022)

It is to inform you all prospective bidders that following amendments have been made in the Bidding Documents.

| SN | CRITERIA | BEFORE AMMENDEMENT | AFTER AMMENDEMENT | REMARKS |
|---|---|---|---|---|
| 1 | Bid Security | 18000 | 28000 | |

Procurement Name : Procurement of Bulk Milk Cooler
Contract ID No 02/SM/SQ/Goods/2079/080

CHIEF ADMINISTRATIVE OFFICER

**मलेसियामा रोजगार** | कम्पनी : SUEZ TOP VENTURES SDN. BHD
शहर:KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०७९/०२/२७ चलानी नं.: ६०१८०७९२ LT. No.: 264778 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 3 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष ६ गते (21 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**Y. K. Manpower Agency Pvt. Ltd.**
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu
Tel.: +977 14499181, +977 14497116, +977 9801234999, +977 9801234995,
E-mail: ykmanpoweragency@gmail.com
info@ykmanpower.com, Web.: www.ykmanpower.com
Govt. Lic. No. 1439/074/075

**युएईमा रोजगार** | कम्पनी: BLUE AREA TECHNICAL AND CLEANING SERVICES L.L.C
शहर :DUBAI
पूर्व स्वीकृत मिति: २०२२/११/११ चलानी नं.: ६०१९१०५० LT. No.:275409 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष ६ गते (21 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**FEWA OVERSEAS PVT. LTD.**
Battisputali-09, Kathmandu, Nepal | Tel: +977-01-5914530,
E-mail: info@fewaoverseas.com.np, fewaoverseas2022@gmail.com,
website: fewaoverseas.com.np
Gov. Lic. No. 1559/079/80

**ZERO COST RECRUITMENT Opportunity for Malaysia!!**
**शून्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारीको अवसर !!**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!Free Food | Transportation | Accommodation from Hometown to Airport!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ! घर देखि एयरपोर्ट सम्म नि:शुल्क खाना । यातायात । आवास !

VENTURE
रोजगारदाता कम्पनी : टेक्नोकम सिस्टम एसडिएन. बिएचडी.
Employer Company : TECHNOCOM SYSTEMS SDN BHD
ठेगाना : जोहोर, मलेसिया Address: JOHOR, Malaysia

| पूर्व स्वीकृत मिति: २०७९/०८/२७ | चलानी नं: ६०१९३२७९ | एल टि नं : २७७६८८ |
|---|---|---|
| Pre Approval Date: 2022/12/13 | Invoice No.: 60193279 | LT No. : 277688 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker (Manufacturing Sec.) | ६० 60 | ४० 40 | १५०० 1500 | ४४,७३० 44,730 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

नोट : पालिभ इन्टरनेशनल प्रा.लि.को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदार हरुबाट पालिभ इन्टरनेशनल प्रा.लि.ले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।
Note: Paliv International Pvt. Ltd. does not have any branch or mediator representative. Paliv International Pvt. Ltd. is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

प्रि–अन्तर्वार्ता पालिभ इन्टरनेशनलं अफिस काठमाडौंमा धमाधम भैरहेको छ ।
Pre-Interview is continuously going on at the Paliv International Office, Kathmandu.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारीमूलक सामग्रीहरू जस्तै फ्लेक्स, ब्यानर, पर्चा आदि पूर्णरूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं । We request you to fully study & understandjob related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.
अन्तर्वातामा सहभागी हुनु हुने उम्मेद्वारहरुले आफ्नो खोपको QR कोड प्रमाणपत्र अनिवार्य रुपमा ल्याउन अनुरोध गर्दछौं । Interview attending candidates must bring their QR Vaccinatin Certificate at the time of interview.

अन्तर्वार्ता कोभिड–१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

यदि तपाईसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर ९८०१०७०५९८ वा इमेल ठेगाना info.palivinternational@gmail.com मार्फत सम्पर्क गर्न सक्नुहुनेछ ।
If you have any complaints or feedback, please do contact us via the phone number 9801070598 or email address info.palivinternational@gmail.com mentioned below.

फाइनल अन्तर्वार्ता कुण्डलीनी दरबार बैङ्क्वट, चंडोल, काठमाडौंमा मिति २०७९ पुष ६ गते हुनेछ ।
Final Interview will be held at Kundalini Durbar Banquet, Chandol, Kathmandu on 21 Dec. 2022.
उम्मेदवारले अनिवार्य रूपमा अंग्रेजी भाषा बुझ्ने र कुरा गर्ने सक्नु हुनुपर्दछ ।
Candidates must be able to understand and communicate in English.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.बिदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.बिदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा बिदेश जादा नेपालकै बिमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**PALIV INTERNATIONAL PVT. LTD**
**पालिभ इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं ११६८/०६३/०६४
Aruna Lama Marga, Maharajgunj, Kathamandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
Email: info.palivinternational@gmail.com, palivinternational74@gmail.com
Mobile: 9801070598, 9820112700, 9820112701, 9820112706, 9820112709, 9840611250, 9814141172
9820112703, 9820112704, 9820112711, 9820112708, 9820112713 | www.palivinternational.com

# 'न्याय दिलाउन सरकारले कुनै पहल गरेन'

अस्मिता बम / मध्यान्ह
काठमाडौं, २७ मंसिर



विगत २० वर्षदेखि दुवईमा हत्या आरोपमा जेल सजाय काटिरहेका अमर बमले आफू निर्दोष हुँदा पनि न्याय नपाएको बताएका छन्। मंगलबार भृकटीमण्डपस्थित रिपोर्टर्स क्लबमा भएको 'अमर बम फर्काऊ अभियान' अन्तर्गतको पत्रकार सम्मेलनमा सामाजिक अभियान्ता कपिल पौड्यालसँगको टेलिफोनमा उनले आफ्नै देशमा फर्केर मर्न चाहने अभिव्यक्ति राखेका हुन् । नेपाल सरकारले आफूलाई न्याय दिलाउन कुनै पहल नगरेको बमको भनाइ थियो ।

यसैगरी सामाजिक अभियन्ता दुर्गा प्रसाईंले विदेशमा अलपत्र परेका कैयौं नेपाली नागरिकको उद्धार गरेका कारण अमर बम स्वदेश फर्कनेमा विस्वस्थ रहेको बताए । बमले आफ्नो परिवारले पटक-पटक विभिन्न विभागका मन्त्री एवं निकायसँग सहयोग माग्दा पनि कुनै सहयोग नपाएको र अबको आशा दुर्गा प्रसाईं रहेको टेलिफोनमार्फत जानकारी गराए ।

उनले आफ्नो पहलमा १७ वटा शव नेपाल ल्याएको र दुवईस्थित् जेलमा रहेका ३७ जनाभन्दा बढि नेपालीहरुलाई स्वदेश फर्काउन सफल भएको पनि सुनाए । उनले नेपाली मिडियाहरुले आफूलाई सिध्याउने खेलमा लागेको गुनासो समेत पोखे । उनले भने-'मलाई शव ल्याउने बेला दुर्गा प्रसाईले शवमा सुन तस्करी गर्यो भन्ने आरोप पनि लगाए ।' आफूले दुःखमा परेका नेपालीहरुको उद्धार सहृदय भावले गरिरहेको पनि पनि उनको भनाई छ ।

दार्चुलाका अमर बम विवाह गरेको एक महिनामै परिवारको खुसी किन्नका लागि भारत पुगेका थिए । भारत पुगेका उनलाई भारतीय दुई नगारिकले जालझेलमा पारी यूएई पुर्याएका थिए । पीडित अमरले यूएईस्थित जेलबाट आफ्नो उद्धार गर्न सरकारले कुनै प्रकारको पहल नगरेको गुनासो पोखे । सो क्रममा उनले आफूलाई छिटो स्वदेश फर्काउन आग्रह गरे ।

वैज्ञानिक कपिल पौडेलले पनि आफ्नो धारणा राखेका थिए । बमलाई पाँच वर्षअघि नै राष्ट्रपतिले नेपाल फर्काईएको भनेर भनिएको भएपनि अहिलेसम्म बम जेलमै रहेको कुरा थाहा पाउनु दुःखद् भएको सुनाए। समाजसेवी जेरी ताम्राकारले पनि बोलेका थिए। उनले आफूहरुले साउदी, मलेसियालगायतका देशबाट नेपालीहरुको उद्धार गरेको सुनाए। उनले दुर्गा प्रसाईले विदेशमा अलपत्र परेका नेपालीहरुलाई उद्धार गरेको र विदेशमा निधन भएका नेपालीहरुको शव नेपाल ल्याउने काम गरेको भन्दै प्रशंसा गरे। उनले दुर्गा प्रसाईंजस्तो व्यक्ति सरकारको नेतृत्व तहमा पुग्नुपर्ने बताए। पत्रकार सम्मेलन कार्यक्रम भने इशा खड्काले सञ्चालन गरेकी थिइन्।

---

## बेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेसीशहर , लमजुङ
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
(प्रथम पटक प्रकाशन मिति : २०७९/०८/२८)

यस कार्यालयबाट मिति २०७९ असोज १४ गते प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैमा जानकारीका लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रकम रु (मू.अ कर र पि.एस. बाहेक) |
|---|---|---|---|
| Besishahar/Lamjung/Works/02/079-80 | Road Upgrading Work-Ritthebagar Udipur Sadak | सन्तोष निर्माण सेवा, बे.न.पा ०८ , लमजुङ | रु ६९,१७,११५।- |

प्रमुख प्रशासकिय अधिकृत

---

नेपाल सरकार
## सहरी विकास मन्त्रालय
## कोहलपुर नगर विकास समिति
योजना कार्यालय,
कोहपुर, बाँके

### घडेरी बिक्रीको बोलपत्र आह्वानको सूचना
दोश्रो पटक प्रकाशित मिति २०७९/०८/२८

यस समितिको मिति २०७९/०७/१७ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रीका तथा यस समितिको वेवसाइटमा प्रकाशित घडेरी बिक्रीको सूचना बमोजिम बोलपत्र पेश नभई बाँकी रहेका विभिन्न २७ वटा प्लटहरु (प्लट नं. ३४२ र ४४७ बाहेक) बिक्रीको लागि बोलपत्र आह्वान गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३० औं दिन भित्र निवेदन साथ नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी संलग्न राखि प्रति प्लटको लागि रु.३,०००।०० (अक्षरुपी तीन हजार मात्र) फिर्ता नहुने गरी यस कार्यालयमा बुझाई कार्यालय समय भित्र बोलपत्र खरिद गरी ३१ औं दिन दिनको १२:०० बजे भित्र आफुले कबुल गरेको रकमको १० प्रतिशत धरौटी रकम कृषि विकास बैंक, कोहलपुर शाखा स्थित यस समितिको धरौटी खाता नं.०७२०५०००३६४००३०२१ मा जम्मा गरी सक्कल भौचर सहित शिलबन्दी बोलपत्र दर्ता गर्नु पर्नेछ र सो दर्ता भएका शिलबन्दी बोलपत्रहरु सोही दिन दिनको १:०० बजे कार्यालयको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। बोलपत्र स्वीकृतीको सूचना यस कार्यालयको वेवसाइट www.ktdc.gov.np मा प्रकाशित गरिनेछ र बोलपत्र स्वीकृत भएको मितिले ३ (तीन) महिना भित्र कबुल गरेको बाँकी रकम जम्मा गर्नुपर्नेछ। बाँकी शर्तहरु मिति २०७९/०७/१७ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रीकामा प्रकाशित सूचना बमोजिम गरिने ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

सदस्य सचिव

---

## प्रदेश सरकार
## सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
## यातायात पूर्वाधार निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
उदयपुर
प्रदेश नं.१ नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
सूचना प्रकाशन मिति २०७९/०८/२८

यस कार्यालयको मिति २०७९/०७/१५ गते बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरुको मूल्यांकन गर्न गठित मूल्यांकन समितिको सिफारिस अनुसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र कम मूल्यांकित सारभूत रुपमा प्रभावकारी देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| S.N. | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDO/UDA/NCB/W/R/21/079-080 | Upgrading of Shiwalaytole-Inarchowk-Purbi Baruwa Tole -Narayan Karki Ghar-12 No.Wada karyalaya-Radhakrishna Timsina Ghar-Triyuga Nadi Road,Triyuga Municipality -11,12 Udayapur | Devi Raman Construction Company Pvt. Ltd.,Lalitpur,Nepal | NRs.5,82,52,225.52 |
| 2 | IDO/UDA/NCB/W/R/22/079-080 | Upgrading of Gairun-Bargachhi-Bich Ratmate-Islampur-Aaryaghat Road,Triyuga Municipality-9,Udayapur | Devi Raman Construction Company Pvt. Ltd.,Lalitpur,Nepal | NRs.5,34,65,030.92 |
| 3 | IDO/UDA/NCB/W/R/23/079-080 | Upgrading of Karam Gachhi-Nayabasti-Ghale Tole-Gaighat,Udayapur | Krishna Laxmi Nirman Sewa, Kanpur, Kavre, Nepal | NRs.4,20,13,019.50 |

Office Chief

---


## मलेसियामा रोजगारको अवसर
कम्पनी: TESTING HOUSE MALAYSIA SDN BHD
शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०८/२७ चलानी नं.: ६०१९३२७७ LT. No.: 277511

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: SURE SUCCESS PROPERITIES SDN BHD
शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०८/२७ चलानी नं.:६०१९३२७८ LT. No.: 277512

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 0 | स. काममा दक्ष | 1500 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

यसै कम्पनीको लागि Reception (Front Desk) को पनि माग भएको हुनाले इच्छुकले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष ६ गते (21 December 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं.: १४५४/०७४/०७५
All-Solution Employment Service Pvt. Ltd.
Basubdhara-3, Kathmandu, Tel.: 01-5903078, 5903079, 9851161229
E-mail : Info@allsolution.com.np | Web.: www.allsolution.com.np

## UAE को SEMI GOVT. कम्पनी HEMAYA मा महिला र पुरुष PSBD Security Guard हरूको लागि रोजगारको अवसर
कम्पनी: HEMAYA SECURITY SERVICES LLC, DUBAI
पुनविज्ञापन
पूर्व स्वीकृत मितिः २०७८/०७/२२ चलानी नं.: ६०१६६९०१ L.T. No.: 250104

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 28 | 21 | स. काममा दक्ष | 2000 | ६४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

- अन्तर्वार्ता मेनपावर कार्यालय र बसुन्धरा बैंकेट, काठमाडौंमा २०७९ पुष ६ गते (21 December 2022) मा हुनेछ ।
- अन्तर्वार्ता होटल रेड कार्पेट, भरतपुर, चितवनमा २०७९ पुष ७ गते (22 December 2022) मा हुनेछ ।

PSBD को हकमा Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई हकमा ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Civil, Ex-Army, Police मा कम्तीमा २ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १३२४/०७४/०७५
STARIS HR SERVICES PVT. LTD.
